# त्रिवेणी गाउँपालिका अध्यक्ष श्री कर्णबहादुर बाँठा मगरले गाउँसभाको १८ औं बैठकलाई गर्नुभएको सम्बोधन

त्रिवेणी गाउँपालिका

रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

२०८२ असार १०

# नीति तथा कार्यक्रम

**गाउँ सभाका उपाध्यक्षज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरु,**

त्रिवेणी गाउँपालिकाको यस गरिमामय सभामा त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ ।

यस अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमानको रक्षा, नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सबलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात महान शहिदहरु प्रति श्रद्धा सुमन अर्पण गर्दछु । यस क्रममा भएका सबै आन्दोलन तथा संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । सदासर्वदा अग्रपंक्तिमा रहेर सार्वजनिक सेवा प्रदान गर्नुहुने जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरु लगायतको उच्च प्रशंसा गर्न चाहन्छु ।

त्रिवेणी गाउँपालिका आफैमा एक महत्वपूर्ण प्राकृतिक, साँस्कृतिक सम्पदा, असिमित विकासका सम्भावनाहरु एवम् विशिष्ट पहिचान भएको भौगोलिक क्षेत्रमा अवस्थित छ । सुन्दर, समुन्नत र सुसंस्कृत गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प र त्रिवेणीबासीको समृद्धिको चाहाना पूरा गर्ने दिशामा आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गर्दै यहाँका जनताको मुख्य पेशाको रुपमा रहेको कृषिलाई प्रतिष्पर्धी तथा व्यावसायिक बनाउन यान्त्रिकरणको विस्तार, बजारीकरण प्रवर्द्धन र प्रयाप्त सिंचाई सुविधाको प्रबन्ध गर्ने, स्वच्छ खानेपानी एक घर एक धारा विस्तार गर्ने, शैक्षिक सुदृढिकरण गर्ने, प्रभावकारी स्वास्थ्य सेवाको सुनिश्चिता गर्ने र लक्षित वर्गको आर्थिक-सामाजिक सशक्तिकरणको आवश्यकतामा आधारित कार्यक्रमलाई यस नीति तथा कार्यक्रमले प्राथमिकताका साथ अगाडि बढाएको छ ।

विकास व्यवस्थापनका क्षेत्रमा देखिएका कमी कमजोरीलाई सुधार गर्न विकासको ढाँचा, गति र संस्कृति फेर्दै सुधारिएको ढाँचा अवलम्बन गरी स्थानीय मागमा आधारित तथा रणनीतिक पूर्वाधार आयोजनाहरुमा लगानी केन्द्रित गर्दै उद्यमशिलतामैत्री शिक्षा तथा उद्यमशिलता विकासको माध्यमबाट स्थानीय स्रोत साधनको उपयोग तथा आन्तिरिक रोजगारी सिर्जना गरी न्यायपूर्ण, आत्मनिर्भर र सुशासनयुक्त गाउँपालिका निर्माणको कार्यलाई नयाँ उचाई प्रदान गरिनेछ । स्थानीय सरकारलाई संविधानले दिएको दायित्व र गाउँपालिकाबासीको समृद्धिको आकांक्षालाई पूरा गर्न गाउँपालिकाले देहायका रणनीति र पक्षहरुलाई केन्द्रमा राखी आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**विद्यमान परिवेश**

विश्वव्यापी भू-राजनीतिक संघर्षका कारण राष्ट्रिय अर्थतन्त्र संकुचन भई संघीय तथा प्रदेश सरकारको राजश्व परिचालनमा प्रभाव पर्न जानुका साथै स्थानीय तहको आर्थिक-सामाजिक विकासमा समेत नकारात्मक असर पुगेको छ । आन्तरिक र बाह्य बसाइसराइका कारण नेपालका गाउँघरहरू सुनसान बस्तीमा रूपान्तरित हुन पुगेका छन् । यस सन्दर्भमा युवालाई देश भित्रै रोजगारीका अवसर सृजना गर्ने र ग्रामीण क्षेत्रको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ । यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडि बढाउदै तीव्र र दिगो आर्थिक विकास गरी समृद्धिको मूल लक्ष्य हाँसिल गर्नु परेको छ । यसका लागि गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष प्राथमिकता दिनुपर्ने भएको छ ।

# चालु आ.व. २०८१/०८२ का प्रमुख उपलब्धीहरु

## आर्थिक विकास क्षेत्र

### कृषि तथा पशुपंक्षी तर्फ

चालु आर्थिक वर्षमा कृषक तथा कृषक समूहहरुलाई ५० प्रतिशत अनुदानमा ४३ वटा मिनि ट्रेलर, १३ वटा मकै छोडाउने मेसिन र १७.५ क्विन्टल लसुनको बिउ वितरण गरिएको छ। सातवटै वडाका ३५० बढि कृषकहरुलाई विषादीको असर सम्बन्धी अभिमुखीकरण प्रदान गरिएको छ। सबै वडामा ४,००० बढि अमिलो जातका कलमी बिरुवा वितरण गरिएको छ। रैथानी बाली प्रवर्द्धन गर्न २० जना कृषकहरुलाई तालिम, बीउ र आवश्यक सामग्री प्रदान गरिएको छ। २३ जना व्यावसायिक कृषकहरुलाई भर्मिकम्पोष्ट र जैविक मल उत्पादन तालिम तथा आवश्यक प्रविधि हस्तान्तरण गरिएको छ। ४ वटा तरकारी संकलन केन्द्र स्थापना र २ वटा सिंचाई योजना सम्पन्न गरिएको छ। कृषि तथा पशुपंक्षी तर्फ विभिन्न विधाका १२ जना उत्कृष्ट कृषकहरुलाई छनौट गरी पुरस्कृत गरिएको छ। कृषि ज्ञान केन्द्रसँग समन्वय गरी वडा नं. ४ मा १०५ कृषकको बारीको माटो परीक्षण र ६० कृषकको बाली उपचार शिविर सञ्चालन गरिएको छ। ५० प्रतिशत अनुदानमा वडा नं. २, ४ र ७ का ४ जना अगुवा कृषकको बेमौसमी तरकारी खेती प्रवर्द्धनको लागि टनेट निर्माण सहयोग उपलब्ध गराइएको छ।

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश र यस गाउँपालिकाले साझेदारी गरी युवा रोजगारी तथा स्वरोजगारीको लागि दिगो कृषि परियोजना सञ्चालनमा ल्याइएको छ जसबाट करिब १५५ जना युवाहरुलाई दिगो कृषि व्यवसायमा आवद्ध गरी स्थानीय आर्थिक विकासमा उल्लेखनीय योगदान पुग्नेछ। उनीहरुको लागि मिनिट्रिलर, च्यापकटर, दाना पिस्ने मेसिन, सिंचाई उपकरण, बिउबिजन लगायतका उन्नत प्रविधि हस्तान्तरण समेत गरिएको छ। यसबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि हुनुका साथै यसको आधुनिकीरकण, यान्त्रिकीकरण, व्यावसायीकरण र स्थानीय आर्थिक विकासमा उल्लेखनीय योगदान पुगेको छ।

पशुपंक्षी क्षेत्र तर्फ नियमित रुपमा पशुपंक्षी चेकजाँच सेवा सञ्चालन र नि:शुल्क औषधी वितरण गरिएको छ। जस अन्तर्गत हालसम्म ५,३२० पशुको उपचार, ३५३ पशुको माइनर सर्जिकल उपचार, ३६३ पशुको गाइनोलोजिकल उपचार, १,३१२ पशुको बन्ध्याकरण र ४६ गाई, १२४ भैंसी र २ बाखामा कृतिम गर्भाधान गरिएको छ। त्यसैगरी २०,०५६ पशुहरुको आन्तरिक परजीवि र ६,४५१ पशुको बाह्य परजीवि नियन्त्रण गरिएको छ। १२,००० बाखालाई पिपिआर र २१३ कुकुर बिरालोलाई रेबिज, १,००० गाईभैंसीमा लम्पी स्किन, ३,२५० गाईभैंसीलाई खोरेत खोप दिइएको छ भने २,४०६ पटक परामर्श सेवा प्रदान गरिएको छ। खाद्य वस्तुहरुको गुणस्तर सुनिश्चितताको लागि बजार अनुगमन गरिएको छ।

वडा नं. २ र ४ का ९५ जना कृषकको कृषि तथा पशु बिमा गरिनुका साथै २ वटा मासु पसलको स्तरोन्नती गरिएको छ। वडा नं. २, ३ र ७ का ७ कृषकहरुलाई ५० प्रतिशत अनुदानमा पोखरी निर्माण सहायता र माछाका भुरा प्रदान साथै १० जना कृषकको बाखा खोर सुधार गरिएको छ भने १ कृषकलाई ५० प्रतिशत अनुदानमा मिल्क एनालाइजर उपलब्ध गराइएको छ। वडा नं. १, २ र ७ का १२८ वटा सामुदायिक तथा घरपालुवा कुकुरहरुको बन्ध्याकरण गरिएको छ। गाउँपालिकाका ३२ जना कृषकहरुलाई तालिम सहित बङ्गुरका पाठापाठी वितरण गरिएको छ। सबै वडाका पशु सेवा इकाईमा भेटेरिनरी टुल्थ व्यवस्थापन गरिएको छ भने डिपिङ ट्याङ्की निर्माण गरिएको छ। उल्लिखित कार्यबाट गाउँपालिका मासु तथा दुध उत्पादनमा आत्मनिर्भर हुँदै गएको छ।

### सहकारी तथा रोजगार तर्फ

चालु आर्थिक वर्षमा पनि कृषि सहकारीहरु मार्फत किसानहरुलाई सहुलियतमा रासायनिक मल उपलब्ध गराई मलको अभाव हुन दिइएको छैन । चालु आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका २६ वटा योजनामार्फत ६६ जना बेरोजगार व्यक्तिहरूलाई प्रति व्यक्ति १०० दिनको राजेगारी उपलब्ध गराइएको छ । जसमा ५ भवन निर्माण, ४ भवन मर्मत, १९० मिटर पक्की सिंचाई कुलो, १ सिंचाई ट्याङ्की निर्माण, ९०० मिटर गोरेटो बाटोमा सोलिङ र सिंढी निर्माण, ७ कि.मि. गोरेटो बाटो तथा सडक निर्माण तथा स्तरोन्नती र निगालपानीमा किवी खेतीमा गोडमेल तथा जग्गा घेरावार रहेका छन् । त्यसैगरी वैदेशिक रोजगारीमा जान चाहने २४ जना त्रिवेणीबासीलाई श्रम स्वीकृति (Work Permit) प्रदान गर्न तथा रोजगारीकै क्रममा मृत्यु भएका १ एक जनाको परिवारलाई रु. १० लाख आर्थिक सहायता उपलब्ध गराउन सहजीकरण गरिएको छ ।

### उद्यमशिलता, उद्योग तथा पर्यटन तर्फ

चालु आर्थिक वर्षमा गाउँपालिकाका ११ वटा टोलबस्तीमा ३५ वटा कृषक समूह र ११ वटा बाखापालन समूह गरी जम्मा ४६ वटा उद्यमी समूह गठन गरी २९६ जना कृषकहरु मार्फत उद्यमशिलता विकास कार्यक्रम अगाडि बढाइएको छ । उनीहरुलाई व्यवसाय स्थापना, व्यावसायिक योजना निर्माण तथा उद्यमशीलता सम्बन्धी अभिमुखिकरण गरी ९३० थान क्यारेट, २३० थान एप्रोन तथा हजारी, ३५ थान इलेक्ट्रिक स्प्रे ट्याङ्की र १० सेट होल डिगर प्रविधि टेवा प्रदान गरिएको छ ।

त्यसैगरी लघु उद्यम कार्यक्रमतर्फ वडा नं. ६ मा बाखापालन व्यवसायमा १९ जना र तरकारी खेतीमा १४ जना गरी ३३ जना नयाँ उद्यमी सिर्जना भएका छन् भने वडा नं. २, ४ र ५ का २६ जना सिलाईकटाई तथा तरकारी खेती व्यवसाय तर्फका उद्यमीहरुलाई उन्नत प्रविधि प्रदान गरी स्तरोन्नती गरिएको छ । प्रदेश सरकारबाट हस्तान्तरित अल्लो रेशाजन्य कच्चा पदार्थ सीप विकास तथा प्रविधि कार्यक्रम अन्तर्गत वडा नं. ७ का १० र वडा नं. १ को ३ गरी कुल १३ जनालाई ५२ दिने धागो कटाई तथा कपडा बुनाई तालिम सञ्चालन गरी उद्यमशिलता स्टार्टअप, स्थानीय स्रोतसाधनको परिचालन र रोजगारी सिर्जना गरिएको छ ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा, युवा तथा खेलकुद तर्फ

यस आर्थिक वर्ष सुदृढ शैक्षिक पूर्वाधार निर्माण अन्तर्गत गाउँपालिकामा ६ वटा चार कोठ पक्की विद्यालय भवन निर्माण सम्पन्न गरिएको छ । जन जागृति नमुना मा.वि. जुगारमा एक तला थप र फिल्डमा ब्लक निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ । अन्तर विद्यालयस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, विज्ञान प्रतिभा पहिचान, हाजिरीजवाफ प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता जस्ता प्रतिष्पर्धात्मक कार्यक्रमहरुको आयोजना गरी बालबालिकाको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउन अवसर प्रदान गरेको छ । गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरुलाई अनुगमन गरी मानकमा आधारमा झण्डा वितरण गरिएको छ । यस वर्ष पनि गाउँपालिकाबाट १२ जना शिक्षण स्वयंसेवक व्यवस्थापन गरिएको छ । ११ वटा विद्यालयमा पढदै कमाउँदै कार्यक्रम सञ्चालन गरिएको छ । त्यसैगरी कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन गरिएको छ । बहुकक्षा बहुस्तर शिक्षणलाई थप व्यवस्थापन सामग्री तथा शिक्षकहरुको क्षमता विकास गरी सुदृढ गरिएको छ । यस वर्ष ३ वटा विज्ञान प्रयोगशाला र २ वटा बाल उद्यान निर्माण गरिएको छ ।

विद्यालय लेखाङ्कन सम्बन्धी तालिम, स्थानीय पाठ्यक्रम निर्माण तथा प्रबोधिकरण तालिम, सिकाई क्षेती आपूरण तथा द्रुत सिकाई योजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ । अरनिको मा.वि. मार्फत प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति र जन जागृति मा.वि. मार्फत निःशुल्क विज्ञान शिक्षण गर्न अनुदान उपलब्ध गराइएको छ । १५ वटा प्राथमिक विद्यालयहरुलाई ल्यापटप र प्रिन्टर हस्तान्तरण गरिएको छ । नमुना विद्यालय कार्यक्रम अन्तर्गत ९ वटा विद्यालयलाई अनुदान उपलब्ध गराइएको छ । युवाहरुको खेल प्रतिभा उजागर गर्न अन्तर वडास्तरीय त्रिवेणी कप सञ्चालन तथा १२ जना खेल शिक्षकहरुलाई सम्मान गरिएको छ । साथै शैक्षिक उपलब्धी सुधार गर्न कक्षा ८ र १० को लागि आवासीय उपचारात्मक कक्षा सञ्चालन गरिएको छ ।

**महिला, बालबालिका तथा समाज कल्याण तर्फ**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थामा सुधार गरिएको छ । यस वर्ष लैङ्गिक उत्तरदायी बजेट परीक्षण भएको छ भने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा ८८.५ अङ्क प्राप्त भएको छ । शिक्षक सेवा आयोग तयारी सम्बन्धी १५ दिने कमाण्डो कक्षामा सहभागी भएका ५५ जना सहभागीहरु मध्ये १४ जनाले यस वर्ष नि.मा.वि. तहको अध्यापन अनुमति पत्र प्राप्त गरेका छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सशर्त बजेट तर्फ प्राप्त राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत वडा नं. ३ मा महिला सहकारी संस्था मार्फत लक्षित वर्गका २४ जना व्यक्तिहरुको सहभागितामा रैथाने कोदो खेती सञ्चालन गरिएको छ । विपन्न परिवारका व्यक्ति, दलित, जनजाति तथा एकल महिला गरी २७ जनालाई तरकारी खेती सम्बन्धी तालिम र बीउबिजन सहयोग गरिएको छ । महिला सहकारी, समिति तथा समूहका ३० जना महिलाहरुका लागि नेतृत्व विकास सम्बन्धी अभिमुखीकरण तथा अर्धवार्षिक समिक्षा कार्यक्रम आयोजना गरी समूह गतिशिलता प्रदान गरिएको छ ।

बालश्रम मुक्त स्थानीय तहको दिगोपनाको लागि कार्यक्रम सञ्चालन गरिएको छ । बालबालिका कोषबाट ५२ जना बालबालिकाले शैक्षिक तथा आर्थिक सहयोग प्राप्त गरेका छन् । छोरीहरुको गुणस्तरीय जीवन निर्माणको लागि उम्दा छोरी कार्यक्रम सञ्चालनमा ल्याइएको छ । सात वटै वडाका १५ जना ज्येष्ठ नागरिकहरुलाई जनही एक थान थर्मस सहित सम्मान गरिएको छ । साथै ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गरिएको छ । अपाङ्गता भएका परिवारमा घरदैलो कार्यक्रम मार्फत अपाङ्गता परिचय पत्र वितरण गरिएको छ भने ५ जना अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री प्रदान गरिएको छ ।

सात वटै वडामा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान तथा महिलाको हक अधिकार पैरवी गर्न अन्य दिवसहरु गरिएको छ । बाल अधिकार समिति तथा बाल क्लबको क्षमता विकास तालिम, बालक्लबको अनुगमन र बालभेलाको आयोजना, बालविवाह न्यूनीकरण सम्बन्धी टोल विकास संस्थाहरुमा सचेतनामूलक कार्यक्रम तथा प्रतिवद्धतामा हस्ताक्षर गराइएको छ । चालु आर्थिक वर्षको हालसम्म अधिकतम ४,१६० जनालाई रु. ६,७७,९४,१२७/- सामाजिक सुरक्षा भत्ता वापत वितरण गरिएको छ ।

**स्वास्थ्य तथा बहुक्षेत्रीय पोषण तर्फ**

निःशुल्क उपलब्ध हुने भनी घोषणा भएका ९८ प्रकारका औषधीहरु समयमै खरिद तथा स्वास्थ्य संस्थाहरुमा वितरण गरी प्राथमिक स्वास्थ्यलाई प्रवर्द्धन गरिएको छ । स्वास्थ्य सूचकहरुको आधारमा जिल्लास्तरमा तृतीय स्थान सुरक्षित गरिएको छ । १५ शैयाको प्राथमिक अस्पतालको निर्माण तथा वडा नं. ३ र ६ को आधारभूत स्वास्थ्य सेवा केन्द्रको तल थप कार्य अन्तिम चरणमा रहेको छ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सहकार्य गरी नेर्पा स्वास्थ्य चौकीलाई Community Outreach Centre को रुपमा रहने गरी जनशक्ति सम्झौता गरिएको छ ।

यसै वर्षमा आवश्यक जनशक्ति तथा उपकरण व्यवस्थापन गरी वडा नं. ४ मा ल्याब सेवा सञ्चालनमा ल्याइएको छ । मेडिक मोबाइल कार्यक्रम मार्फत मातृशिशु तथा नवजात शिशु मृत्युदर घटाउन तथा तथ्याङ्क अद्यावधिकको लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्मार्ट मोबाइल वितरण गरिएको छ । प्रजनन् रुग्नता कार्यक्रम अन्तर्गत वडा नं. ३ र ७ मा स्किनिङ क्याम्प सञ्चालन गरी ३४७ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर चेकजाँच गरिएको छ भने ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत सातवटै वडाका ७६५ जना गर्भवती महिलाहरुलाई चेकजाँच गरी ७ जनालाई रेफर गरिएको छ ।

महिला स्वास्थ्य स्वयंसेविका तथा विपन्न व्यक्तिहरुको स्वास्थ्य बिमा कार्यक्रम मार्फत ५९ जनाको बिमा गरिएको छ । गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ । नेर्पा स्वास्थ्य चौकीमा २४ घण्टा स्वास्थ्य सेवा सञ्चालनमा ल्याइएको छ । त्यसैगरी पूर्ण खोप सुनिश्चितता र दिगोपनायुक्त गाउँपालिका घोषणा गरिएको छ । करेशाबारी खेती प्रवर्द्धन, बाल भिटा वितरण, कुपोषित बालबालिकाको स्किनिङ लगायतका कार्य गरी बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिएको छ ।

## पूर्वाधार विकास क्षेत्र

### सडक, भवन, पुल, खानेपानी तथा सिंचाई तर्फ

चालु आर्थिक वर्षमा पूर्वाधार विकास तर्फ जम्मा २२६ योजनाहरु उपभोक्ता समिति मार्फत र ठेक्का मार्फत २५ वटा योजना कार्यान्वयन गरिएको छ । उक्त योजनाको कार्यान्वयनबाट १.५ किलोमिटर सडक कालोपत्रे, १७.९४ कि.मि. नयाँ सडक निर्माण, ४१.७० कि.मि. सडक र ४ वटा फिल्ड निर्माण तथा स्तरोन्नती, ९ वटा विद्यालय तथा ९ वटा सामुदायिक भवन र ११ वटा शौचालय निर्माण तथा मर्मत गरिएको छ । २० वटा खानेपानी ट्याङ्की र १९ वटा पानी सङ्कलन ट्याङ्की निर्माण, ९० वटा एक घर एक धारा निर्माण, १८,४२० मिटर खानेपानी पाइप लाइन विस्तार र १२७ वटा खानेपानी मिटर वितरण गरिएको छ ।

त्यसैगरी ३८२ मिटर सिंचाई कुलो, ९ वटा ट्रस पुल, ११ वटा पोखरी, ६ वटा मन्दिर, १६ वटा तरकारी सङ्कलन केन्द्र, ५ स्थानमा ग्याविन वाल, ५६७ मिटर पक्की सिंढि निर्माण र १५ वटा बाखाखोर निर्माण गरिएको छ । त्यसैगरी ११२ मिटर सिंचाई पाइप वितरण र ७०४ मिटर घेराबार गरिएको छ । गाउँपालिका स्तरीय अनुगमन समितिबाट रु. ५ लाख माथिका ४५ योजनाहरुको अनुगमन गरिएको छ । जसबाट स्थानीय आवागमन, सामग्री ढुवानी र जनजीवन सहज भएको छ ।

चालु आर्थिक वर्षमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कार्यक्रम अन्तर्गत ४ वटा सडक- खर्से करेटी हुन्दुङ ग्रामीण सडक वडा नं. १, सहिदमार्ग मंगलबजार सहकारी बाघखोर कोटनेटा ग्रामीण सडक वडा नं. २, लिङदुङ रातामाटा निगालचुला ग्रामीण सडक वडा नं. ३, नेर्पा धारमखोला ग्रामिण सडक वडा नं. ६ र कुइबाङ गाङ राम्मी ढोरेनी तुक्ला ग्रामीण सडक वडा नं. ७ को मर्मत गरी पुनस्थापना गरिएको छ जसबाट आवतजावतमा सहजता हुनुको साथै स्थानीय उत्पादनको सहज ढुवानीले स्थानीयको जीपिकोपार्जनमा टेवा पुगेको छ । त्यसैगरी सोही कार्यक्रम अन्तर्गत सञ्चालित डरुवा बैसवोट खानेपानी योजना वडा नं. ४ बाट २० वटा १ घर एक धारा निर्माण भई १०० जनालाई स्वच्छ पिउने पानी सुविधा उपलब्ध गराइएको, रानागाउँ सिंचाई योजना वडा नं. ३ बाट ४८ वटा घरपरिवारको ८० रोपनी जमिनमा सिंचाई सुविधा उपलब्ध गराइएको र जगरबोट जुगार लिङदुङ ग्रामीण सडक पुनस्थापना वडा नं. ५ मा पहिरो नियन्त्रण गरी करिब १०० वटा घरपरिवारका ४०० जनालाई सुरक्षाको अनुभूति गराइएको छ ।

## वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

### वन तथा जैविक विविधता तर्फ

गाउँपालिका वन महासंघसँग समन्वय गरी वन नक्साङ्कन तथा संरक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । जुगार निगालपानी सडकको नव नेपाल क्याम्पस क्षेत्रमा सौन्दर्यकरण गर्नको लागि वृक्षारोपण तथा घेराबार सम्पन्न गरिएको छ ।

### भू-संरक्षण तथा जलाधार व्यवस्थापन तर्फ

बाढी तथा पहिरो नियन्त्रणको लागि ह्युम पाइप, ग्याबिन जाली तथा एच.डि.पि.ई. पाइप खरिद तथा वितरण गरिएको छ । गाउँपालिकाका विभिन्न वडामा १४ वटा मुहान संरक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।

### वातावरण तथा फोहोरमैला व्यवस्थापन तर्फ

टोल विकास संस्थाहरुलाई परिचालन गरी गाउँपालिका सबै वडामा कृषि सडक तथा पहुँच मार्ग मर्मतको लागि सामुदायिक झारा तथा मुख्य बजार क्षेत्रहरुमा सरसफाई कार्यक्रम सञ्चालन गरिएको छ । जथाभावी फोहोरमैला फाल्ने कार्य तथा प्लाष्टिकजन्य सामग्रीहरुलाई निरुत्साहित गरिएको छ ।

### विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता तर्फ

चालु आर्थिक वर्षको हालसम्म २० जना फुसको छानो भएका परिवारलाई जस्तापाता वितरण गरी सुरक्षित आवास निर्माण सम्पन्न गरिएको छ । विभिन्न वडाका ४० जना आगलागी, बाढिपहिरो, चट्याङ जस्ता प्रकोप पीडित परिवारहरुलाई आर्थिक सहायता वितरण गरिएको छ । बाढिपहिरो पिडित १२ घरधुरीलाई घर पुननिर्माण वापत अन्तिम भुक्तानी दिइएको छ । गाउँपालिकाका सबै सुरक्षा निकायहरुको लागि अग्नी नियन्त्रण सामग्रीहरु खरिद तथा वितरण गरिएको छ ।

## सुशासन तथा संस्थागत क्षमता विकास क्षेत्र

### नीति, कानून, न्याय र सुशासन तर्फ

यस आर्थिक वर्षमा आर्थिक ऐन, विनियोजन ऐन, वार्षिक नीति, बजेट तथा कार्यक्रम, ६ वटा कार्यविधि तथा निर्देशिका, दुई वटा कार्यविधिको संशोधन स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । न्यायिक समितिमा प्राप्त भएका कुल ४५ वटा उजुरीहरु मध्ये ३२ वटा मेलमिलापको माध्यमबाट समाधान गरिएको छ भने १३ वटा मेलमिलापको प्रक्रियामा रहेका छन् । गाउँपालिकाले गत आर्थिक वर्षको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ८५.२५ अङ्क र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ७७.०० अङ्क प्राप्त गरेको छ । सेवा प्रवाहको प्रभावकारीता तथा पारदर्शिताको लागि वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

### सङ्गठनात्मक विकास, मानव संशाधन र सेवा प्रवाह तर्फ

यस वर्ष कर्मचारी तथा जनप्रतिनिधिहरुको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ । हेल्थ असिस्टेन्ट, कृषि तथा पशु सेवा प्राविधिक लगायतको प्रदेश लोक सेवाबाट पदपूर्ती गरी र मेडिकल अधिकृत, विद्यालय नर्स, हेल्थ असिस्टेन्ट, कृषि तथा पुश सेवा प्राविधिक, अनमी र ल्याव असिस्टेन्ट लगायतका सेवा करार पदमा पदपूर्ती गरी सेवा प्रवाहलाई नियमित गरिएको छ ।

गाउँसभा सदस्यहरुको अन्तर स्थानीय तह अध्ययन तथा अवलोकन भ्रमण सम्पन्न गरिएको छ । जसअन्तर्गत बाग्मती प्रदेशको भरतपुर महानगरपालिका, मधेश प्रदेशको जनकपुर उपमहानगरपालिका र कोशी प्रदेशको सुर्योदय नगरपालिका लगायतका स्थानमा पुगी विकास निर्माण तथा सार्वजनिक सेवा व्यवस्थापनका नविनतम तौरतरिकाको बारेमा सिकाई आदानप्रदान गरिएको छ ।

११ जना स्थायी कर्मचारीहरुको तह वृद्धि गरिएको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्म सबै वडातर्फ ५२७ जन्म, १७९ मृत्यु, २५४ विवाह, ३३ सम्बन्ध विच्छेद, २४ बसाई सरी आएको र ६३ बसाई सरी गएको घटना दर्ता गरिएको छ । त्यसैगरी हालसम्म सबै वडा कार्यालयहरुबाट ७६८ नेपाली नागरिकता सिफारिस, ४१० नेपाली नागरिकताको प्रतिलिपी सिफारिस र ७,४७३ वटा अन्य सिफारिस गरिएको छ भने गाउँपालिकाबाट सो अवधिमा २,५२६ विभिन्न सिफारिस गरिएको छ ।

**स्रोत परिचालन, तथ्याङ्क प्रणाली तथा योजना व्यवस्थापन तर्फ**

चालु आर्थिक वर्षको असार ५ गतेसम्म गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयतर्फ गरी जम्मा रु. ७३,२१,४७४.४८ आन्तरिक राजश्व सङ्कलन भएको छ । जसमध्ये कार्यपालिकाको कार्यालयबाट रु. ४१,८९,६६५.६१ तथा वडा नं. १ बाट २,६७ ३६४.४०, वडा नं. २ बाट रु. ५,९१,३७५.१५, वडा नं. ३ बाट ३,०३,३९७.९०, वडा नं. ४ रु. ५,३०,४२८.३७, वडा नं. ५ बाट ४,४७,९०९.२९, वडा नं. ६ बाट ३,५४,६७६.९५ र वडा नं. ७ बाट ६,४६,६५६.९१ रहेको छ । कुल रु. ६,४६,६५६.९१ रकम राजश्व सङ्कलन गरी वडा कार्यालय तर्फ वडा नं. ७ पहिलो स्थानमा रहेको छ ।

केन्द्रीकृत विद्युतीय हाजिरी जडान कर्मचारीहरुको नियमिततालाई प्रविधिबाट व्यवस्थित गरिएको छ । योजना कार्यान्वयन प्रक्रियालाई सहज बनाउन वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई अभिमुखीकरण तालिम प्रदान गरिएको छ भने वडा  नं. १, २ र ७ मा सम्बन्धित वडा कार्यालयमै पुगी योजना सम्झौता तथा उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना सञ्चालनको सम्बन्धमा योजना पूर्वको तालिम प्रदान गरिएको छ ।

# अवसर तथा चुनौतीहरु

स्थानीय सरकारबाट त्रिवेणीबासीहरुले राखेका अपेक्षा पूरा गर्न सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुको निरन्तर र भगिरथ प्रयत्न रही आएको सम्मानित सभालाई जानकारी गराउँदछु । यसै सन्दर्भमा विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गाउँपालिकामा देहाय बमोजिमका अवसरहरू रहेका छन्-

१. सबै वडामा सडक, विद्युत, टेलिफोन तथा इन्टरनेट पूर्वाधारको पहुँच हुनु,
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु,
३. बालश्रम मुक्त स्थानीय तह घोषणा भई बालमैत्री स्थानीय शासनको लागि आधार तयार हुनु,
४. सबै विद्यालयमा भौतिक पूर्वाधार निर्माण कार्य तथा बालबालिकाको बसाइको प्रभावकारी व्यवस्थापन हुँदै जानु,
५. गाउँपालिका र वडा कार्यालयहरुको काममा सहयोग तथा सहजीकरण गर्न सबै वडामा टोल विकास संस्था गठन हुनु,
६. कृषि सडकको विस्तार, तरकारी सङ्कलन केन्द्र तथा हाटबजार निर्माणका कारणले उत्पादित कृषिजन्य उत्पादनको बजारसम्म सहज पहुँच स्थापित हुनु,

त्यसैगरी विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गाउँपालिकामा देहाय बमोजिमका चुनौतीहरू रहेका छन्-

१. रोजगारोन्मुख शिक्षाको विकास गर्नु,
२. स्थानीय उत्पादनहरुलाई उपयुक्त मुल्यमा बजारीकरण गर्नु,
३. जलवायु उत्थानशील तथा उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागु गर्नु,
४. वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्नु,
५. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नुका साथै युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्नु,
६. पूर्वाधार निर्माणमा मात्र केन्द्रित विकासको वर्तमान ढाँचालाई मानव विकासमा रुपान्तरण गर्नु,
७. सडक पूर्वाधारको दिगो विकासमा आधारित निर्माण तथा मर्मत सम्भार पद्धतिको विकास गर्नु ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को यो वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ । दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, राजश्व परामर्श समितिको प्रतिवेदन, सरोकारवालाहरुको राय सुझाव, विगतका असल अभ्यासहरु, गाउँपालिकाद्वारा कार्यान्वयनमा ल्याइएका कानूनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिनेछ । जनताको सार्थक सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई प्रवर्द्धन गर्दै समृद्ध, समावेशी, सुरक्षित, स्वावलम्बी र सुसंस्कृत समाज निर्माण गर्ने यो नीति तथा कार्यक्रमले उद्देश्य लिएको छ ।

# आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

**गाउँ सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु-

**सोंच :**

- सामाजिक न्यायसहितको आर्थिक विकास, न्यायोचित वितरणसहितको आर्थिक समृद्धि हाँसिल गरी समुन्नत र आत्मनिर्भर गाउँपालिका निर्माण गर्ने ।

**लक्ष्य :**

- कृषि उत्पादनमा आधारित दीगो, एकीकृत र सन्तुलित विकासका माध्यमबाट त्रिवेणीबासी जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने ।

**उद्देश्य :**

- स्थानीय आर्थिक विकास र रोजगारी सिर्जनामा योगदान दिने रणनीतिक एवं दिगो पूर्वाधार विकासको अवधारणालाई अवलम्बन गर्ने ।
- एक घर एक धारा सहितको स्वच्छ खानेपानी सेवा, प्रभावकारी आधारभूत स्वास्थ्य सुविधा र कृषि उत्पादनको लागि सिंचाई पहुँच सुनिश्चित गर्ने ।
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार, शिक्षण पद्धति र अनुगमन प्रणालीमा समयानुकुल सुदृढीकरण गरी दक्ष र प्रतिष्पर्धी जनशक्ति उत्पादन गर्ने ।
- आर्थिक र सामाजिक रुपमा पछाडी परेका वर्ग, समुदाय तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण, समावेशीकरण तथा मूलप्रवाहीकरणलाई विशेष जोड दिने ।
- तुलनात्मक लाभका क्षेत्रमा लगानी केन्द्रित गरी आधुनिकीकरण सहितको कृषि व्यवसाय, पशुपंक्षीपालन तथा जडिबुटी उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने ।
- सुशासन सहितको प्रविधिमैत्री, प्रभावकारी, नतिजामुखी सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन गर्ने ।

**अपेक्षित उपलब्धी :**

- पालिकाको केन्द्र जोड्ने मुख्य पहुँच मार्गहरुमा कालोपत्रे विस्तार हुनुको साथै हाल विद्यमान सडक सञ्जालको स्तरोन्नती हुनेछ ।
- विकट बस्तीहरुमा एक घर एक धारा सहितको स्वच्छ खानेपानीको आपूर्ती हुनेछ भने खेतीयोग्य जमिनमा सिंचाई सुविधाको पहुँचमा वृद्धि हुनेछ ।
- शिक्षण सिकाइका नविनतम पद्धति तथा प्रविधि कार्यान्वयनमा आई बालबालिकाहरुले जीवनोपयोगी, व्यावहारिक र सूचना प्रविधिमैत्री शिक्षा प्राप्त गरेका हुनेछन् ।
- कृषकहरु तुलनात्मक रुपमा उच्च प्रतिफल दिने, बेमौसमी तथा अर्गानिक कृषि उपजको उत्पादनमा आकर्षित भई कृषि क्षेत्रले आर्थिक क्रियाकलापहरुलाई चलायमान बनाउनेछ ।
- आर्थिक तथा सामाजिक रुपले पछाडी परेका वर्ग तथा समुदायको जीवनस्तरमा गुणात्मक परिवर्तन हुनुका साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थामा सुधार हुनेछ ।
- प्रविधिमैत्री र चुस्त प्रशासनिक संयन्त्रको माध्यमबाट जनताको घरदैलोमा स्थानीय सरकारको प्रभावकारी र सकारात्मक अनुभूति दिलाइनेछ भने सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो सुनुवाई, सेवाग्राही सन्तुष्टी सर्भेक्षणको माध्यमबाट सुशासनमा अभिवृद्धि गरिनेछ ।

# नीति तथा कार्यक्रमका प्राथमिकताहरु

आगामी आ.व. २०८२/०८३ को लागि नीति, कार्यक्रम तथा बजेट तुर्जमा प्रक्रियालाई आवधिक, वार्षिक, रणनीतिक, विषय क्षेत्रगत अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजनाले लिएका लक्ष्यहरुसँग सामञ्जस्यता कायम गरी गाउँपालिकाबासीहरुको आवश्यकता परिपूर्तीमा केन्द्रीत बनाउन तथा उपलब्ध स्रोत, साधन तथा संरचनाको अधिनमा रही अधिकतम लाभ हाँसिल गर्न तपसिल बमोजिम प्राथमिकताका आधारहरु निर्धारण गरिएको छ-

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

(ख) उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने तथा लागत कम लाग्ने,

(ग) जीवनस्तर सुधार, आम्दानी वृद्धि र रोजगारी सिर्जनामा प्रत्यक्ष सहयोग पुऱ्याउने,

(घ) प्रत्यक्ष रुपमा समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित हुने,

(ङ) स्थानीय स्रोतसाधन तथा सीपको अधिकतम प्रयोग हुने,

(च) भौगोलिक अवस्थिति अनुसार उत्पादन विशेषमा आत्मनिर्भर भई पहिचान प्रवर्द्धन गर्ने,

(छ) जनशक्ति विकास, प्रभावकारी सेवा प्रवाह, विद्युतीय सुशासन प्रवर्द्धन गर्ने विषयहरु,

(ज) औद्योगिक विकासलाई प्रवर्द्धन गर्ने तथा अन्तरस्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु,

(झ) वातावरणीय संरक्षण, जलवायु परिवर्तन अनुकुल, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष सघाउ पुऱ्याउने,

(ट) गौरवका आयोजना, प्रशासकीय भवन लगायत ठूला आयोजनालाई जोड दिने साथै विषय क्षेत्र र भौगोलिक सन्तुलन कायम गर्नुपर्ने विषयहरु,

(ठ) भित्री र बाहिरी चक्रपथ तथा रणनीतिक सडक बाहेक अन्य नयाँ सडक निर्माणलाई निरुत्साहित गर्दै मुख्य सडक तथा कृषि सडक बाह्रै महिना सञ्चालन गर्ने,

(ड) बालमैत्री स्थानीय शासन, लक्षित वर्ग र अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरुको प्रवर्द्धन हुने,

(ढ) दिगो विकास लक्ष्यको स्थानीयकरण तथा लक्ष्य प्राप्तीका लागि गाउँपालिकाले गर्नुपर्ने अन्य कार्यहरु ।

# विषय क्षेत्र र उप-क्षेत्रगत नीति तथा कार्यक्रमहरु

**आर्थिक विकास सम्बन्धी**

## क. कृषि तथा भूमि व्यवस्था

- कृषि पेशालाई वैज्ञानिक, सम्मानित, मर्यादित, टिकाउ र व्यावसायिक बनाउने रणनीति लिइनेछ । सो को लागि यान्त्रिकरण, बजारीकरण, उत्पादनमा आधारित अनुदान, प्रोत्साहन तथा लागत साझेदारी कार्यक्रम सञ्चालन गर्ने कार्यनीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउदै निर्यातमुखी कृषि उत्पादनमा जोड दिन रणनीतिक कृषि प्रणालीको विकास तथा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी प्रतिष्पर्धात्मक क्षमता भएका कृषि उत्पादनमा जोड दिइनेछ । यसका लागि सरकारी, गैरसरकारी तथा नीजि क्षेत्र, कृषि सहकारी, समुदाय लगायतसँग सहकार्य तथा साझेदारी गरिनेछ ।
- रैथाने बाली, बीउ, नस्ल र कृषि जैविक विविधताको संरक्षणको लागि विशेष प्रबन्ध मिलाइनेछ । गाउँपालिका भ्रमण गर्ने आन्तरिक र बाह्य पर्यटकहरुलाई निश्चित स्थानहरुबाट स्थानीय उत्पादनका परिकारहरु उपलब्ध हुने व्यवस्था मिलाइनेछ । गाउँपालिकाको विभिन्न क्षेत्रमा खेती हुने जुगारी चामलको उत्पादन प्रवर्द्धन तथा प्रचारप्रसारको लागि **त्रिवेणीको धानः हाम्रो पहिचान** कार्यक्रम सञ्चालन गरिनेछ ।
- व्यावसायिक कृषि क्षेत्रमा कृषि सडक, कृषि बजार, गोदाम घर, कोल्ड च्याम्बर लगायत पूर्वाधार निर्माण गरिनेछ । खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्‍याउन साना सिंचाई कार्यक्रम सञ्चालन गरिनेछ । कृषियोग्य भूमिको संरक्षण, बाँझो जमिनको उपयोग, चाक्लाबन्दी र करार खेतिलाई प्रवर्द्धन गरिनेछ ।
- उत्पादन लागत, थोक तथा खुद्रा मूल्य विश्लेषण गर्दै स्थानीय उत्पादनलाई मूल्य श्रृंखलामा आवद्ध गर्दै लगिनेछ । अन्तर स्थानीय तह साझेदारी कार्यक्रम अर्न्तगत स्थानीय उत्पादनलाई आदानप्रदान गरिनेछ । गाउँपालिकाका कृषि हाट बजारहरुको स्तरोन्नती गरिनेछ ।
- कृषि पकेट क्षेत्र विस्तारको लागि एक वडा एक उत्पादन क्लष्टर खेतीलाई प्राथमिकतामा राखिनेछ । उच्च मुल्यका फलफूल, तरकारी तथा अन्नबालीको पकेट क्षेत्र पहिचान तथा सघन कृषि क्षेत्र निर्धारण गरिनेछ । चिया, कफी तथा सूर्यमुखी खेतीको लागि सम्भाव्यता अध्ययन गरी प्रक्रिया अगाडि बढाइनेछ । च्याउ खेतिको लागि आवश्यक तालिम तथा प्रविधि उपलब्ध गराइनेछ ।
- विषादी सम्बन्धी सचेतना अभिवृद्धि गरी यसको अधिक प्रयोगबाट मानव स्वास्थ्यमा पर्ने असर तथा जैविक विविधतामा आउने ह्रासको जोखिम न्यूनीकरण गरिनेछ । सबै वडामा एकिकृत शत्रुजीव व्यवस्थापन (आई.पि.एम.) प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।
- पर्यावरणमा आधारित पुनरुत्पादक कृषि प्रविधि- उन्नत कम्पोष्ट मल, जैविक झोल मल र गड्यौला मल, जैविक विषादी, कोशेबाली खेती प्रवर्द्धन, बालीचक्र प्रविधि, मिश्रित तथा अन्तरबाली, छापो प्रविधि, बाली विविधिकरण र जलवायुमैत्री कृषि उत्पादनलाई अभियानका साथ विस्तार गरिनेछ ।
- प्रत्येक घरधुरीले आफ्नो जग्गाभित्र अनिवार्य रुपमा दाँते ओखर, टिम्मुर, आरु, पलम, केरा, अम्बा, खमानी, नास्पाती, सुन्तला, कागती, किवी, लिचि, एभोकार्डो, स्याउ, उखु, चिउरी, अलैची लगायतका कम्तिमा २० वटा बिरुवा अनिवार्य रोप्नुपर्ने व्यवस्थालाई वडा तथा गाउँपालिकाबाट उपलब्ध हुने सुविधासँग आवद्ध गरी कार्यान्वयनमा ल्याइनेछ ।

- गाउँपालिकाका सबै वडामा घुम्ति बाली शिविर सञ्चालन गरिनेछ । उन्नत जातका फलफूल तथा बोटबिरुवाका बेर्नाहरु सहज उपलब्धताको लागि लागत **साझेदारीमा नर्सरी स्थापना कार्यक्रम** सञ्चालन गरिनेछ ।
- एक वडा एक कृषि प्राविधिक (ओ.भी.ओ.टी.) कार्यक्रम अन्तर्गत **कृषकसँग कृषि प्राविधिक कार्यक्रम** सञ्चालन गरी कृषि विकास तथा पशु सेवा तर्फका प्राविधिक कर्मचारीहरुबाट कृषकको घरदैलो तथा खेतबारीमै आवश्यक परामर्श तथा उपचार सेवा दिने व्यवस्था मिलाइनेछ । सेवा केन्द्रहरुमा उपकरण थप तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।
- माटोको जैविक गुणमा ह्रास आउन नदिन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक वडामा माटो परीक्षण शिविर सञ्चालन गरी माटोको उपचार तथा त्यहाँको लागि उपयुक्त हुने बालीको सिफारिस गर्ने व्यवस्था मिलाइनेछ ।
- खेतियोग्य जमिन बाँझो राख्ने कार्यलाई निरुत्साहित गरिनेछ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई आवश्यक प्रक्रिया पूरा गरी जग्गा उपलब्ध गराइनेछ ।

### ख. पशुपंक्षी तथा मत्स्य

- पशु सेवा केन्द्र तथा वडास्थित पशु सेवा कार्यक्रम कार्यान्वयन इकाईहरुबाट बाह्रै महिना पशु स्वास्थ्यसँग सम्बन्धित औषधीहरु कृषकहरुले खोजेकै समयमा सर्वसुलभ र निःशुल्क रुपमा उपलब्ध गराउन सकिने गरी औषधी खरिद तथा भण्डार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- **पौरखी किसानको हातः स्थानीय सरकारको साथ** भन्ने नाराका साथ गाउँपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउन दुग्ध प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । सो को लागि उन्नत गाई तथा भैंसी पालक कृषकहरुलाई हिउँदे तथा डाले घाँसको बीउ तथा बेर्ना वितरण गरिनेछ । स्थानीय जातका गाई तथा भैंसीको नश्ल सुधार गर्न कृतिम गर्भाधारण सेवालाई निरन्तरता दिइनेछ । रैथाने जातका बाख्राको संरक्षण गरिनेछ ।
- व्यावसायिक कुखुरा, बाख्रा, बंगुर, भैंसी, मौरी तथा माछा, कालिज लगायतका पशुपंक्षी पालनको लागि प्रोत्साहित गरी स्थानीय स्तरमै दिगो स्वरोजगारी श्रृजना गर्ने तथा निर्वाहमुखी कृषि पद्धतिलाई स्तरोन्नती गरी अर्थोपार्जनतर्फ उन्मुख गराइनेछ । कृषि बिमालाई प्रभावकारी बनाइनेछ ।
- मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ । कृषि उत्पादन, वितरण, भण्डारण र उपभोग शैलीलाई पोषणको अभिन्न अङ्गको रुपमा अघि बढाइनेछ । मातृशिशु पोषण प्रवर्द्धन गर्न सुनौलो हजार दिनका आमाहरुको लागि **कुखुरा पालन तालिम** सञ्चालन गरिनेछ ।
- स्थानीय खोलाहरुमा पाइने रैथाने माछा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि विभिन्न खोलाहरुको शिरबाट वर्षमा एक पटक माछाका भुराहरु खुला रुपमा छोड्ने व्यवस्था मिलाइनेछ भने सम्बन्धित वडा कार्यालयको निर्णय तथा टोल विकास संस्थाको प्रत्यक्ष निगरानीमा प्रत्येक खोलाका निश्चित स्थानदेखि तोकिएको घाटसम्म माछा मार्न नपाइने व्यवस्था गरिनेछ ।
- सबै कृषकहरुलाई कृषक समूह तथा कृषि सहकारीहरुमा आवद्ध हुन प्रेरित गरिनेछ । कृषि क्षेत्रमा दिइने अनुदानको लाभ वास्तविक कृषक आवद्ध कृषक समूह तथा सहकारी संस्थाहरुले प्राप्त गर्ने व्यवस्था मिलाइनेछ । अनुदान कार्यक्रम गाउँपालिकाबाट ४० प्रतिशत र लाभग्राहीबाट ६० प्रतिशतको साझेदारी हुनेगरी कार्यान्वयनमा ल्याइनेछ ।

- पशुपंक्षीजन्य रोग नियन्त्रणको लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ । सो को लागि आवश्यक खोप खरिद तथा खोप सञ्चालन पारिश्रमिकको व्यवस्था मिलाइनेछ । कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रणको लागि शिविर सञ्चालन गरिनेछ ।
- पशुपालन व्यवसायमा विविधीकरण गर्न पशु र कृषिको प्रदर्शनी तथा अन्तर कृषक समूह प्रतियोगिता आयोजना गरी उत्कृष्ट किसानका असल अभ्यासहरुको प्रचारप्रसार गरिनेछ ।

## ग. उद्योग, वाणिज्य तथा आपूर्ती

- **उद्यमशिलता विकास कार्यक्रम** मार्फत बेरोजगार युवाहरुलाई समूहमा आवद्ध गरी कृषिमा आधारित साना व्यवसायको स्थापना तथा सञ्चालन गर्न आवश्यक तालिम, प्रविधि, परामर्श र बजारीकरण टेवा प्रदान गरिनेछ । उद्यमीहरुलाई व्यावसायिक योजना अनुसारको काममा सक्रियताका साथ परिचालन गर्न स्वयंसेवी भूमिका रहने गरी ग्रामीण विकास सहजकर्ताहरु खटाइनेछ ।
- उपभोक्ताको हकहित तथा अधिकार संरक्षण र प्रवर्द्धन गर्न बजार अनुगमन गरी उपभोक्ताको हित विपरित क्रियाकलापमा संलग्नलाई कारबाहीको दायरामा ल्याइनेछ । खाद्यवस्तु, सुर्तीजन्य, मदिराजन्य तथा विषादीजन्य वस्तुको एकै स्थानबाट बिक्रि गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- गाउँपालिकामा सार्वजनिक निजी साझेदारीमा **औद्योगिक ग्राम** सञ्चालन गर्न र प्रत्येक वडामा साना उद्योग स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

## घ. श्रम तथा रोजगारी

- एक घर एक रोजगार कार्यक्रम सञ्चालन गरिनेछ । असङ्गठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको हित प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षित आप्रवासन (सामी) परियोजना मार्फत वित्तीय साक्षरता शिक्षालाई अभियानका रुपमा सञ्चालन गरिनेछ । वैदेशिक रोजगारीबाट विशिष्ट सीप तथा दक्षता हाँसिल गरेर फर्केका युवा जनशक्तिलाई उनीहरुले ल्याएको रेमिट्यान्सको उपयोग समेत हुने गरी आयमूलक तथा सीपमूलक व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।
- दक्ष जनशक्ति पलायन रोक्न स्वदेशमै श्रम गर्ने संस्कृतिको विकास गरी श्रमको सम्मान गर्ने परिपाटी बसालिनेछ ।

## ङ. कला, संस्कृति तथा पर्यटन

- गाउँपालिकालाई बहुसाँस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा साँस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकलाका Symbol प्रयोगमा ल्याइनेछ ।
- विभिन्न अवसरमा आयोजना हुने महोत्सव तथा कार्यक्रमहरुमा जातीय भेषभूषा, झाँकी, सङ्गीत सहितको प्रदर्शनी गर्ने नीति लिइनेछ । सामुदायिक विद्यालयहरुका बालबालिकाहरुलाई मौलिक कला र संस्कृति सम्बन्धी आधारभूत सीप प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकामा बोलिने मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ । प्रचलित मौलिक गीत, झाँकी तथा नृत्यहरुलाई समावेश डकुमेन्ट्रीको निर्माण गरी व्यापक प्रचारप्रसार गरिनेछ ।
- विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ । साथै विभिन्न स्थानमा लाग्ने स्थानीय मेलाको संरक्षण गरिनेछ ।

- पर्यटन मार्फत आर्थिक समृद्धि हाँसिल गर्न पर्यटन गुरुयोजना निर्माण गरी पर्यटन पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाका बहुआयामिक सम्भावनायुक्त पर्यटकीय क्षेत्रहरुमा आधारभूत पूर्वाधारको विस्तार गरिनेछ ।
- गाउँपालिकाका मुख्य स्थान, चोक र नाकाहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित प्रवेशद्वार निर्माण गरिनेछ । तिलास्थित जनयुद्ध स्मृति राष्ट्रिय संग्राहलयको प्रचारप्रसार मार्फत आन्तरिक पर्यटकलाई आकर्षित गरी स्थानीय रोजगारी सिर्जना तथा गाउँपालिकाको राजश्व वृद्धि गरिनेछ ।
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्न तथा ग्रामीण क्षेत्रको आयआर्जनमा वृद्धि गर्न हाञ्जबाङ, निगालपानी, गाङ र त्रिवेणीमा होमस्टे सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।
- शिवगुफा, लभपार्क, धनखानी, गामाकोट, चबीचौर, निगालपानी मौलागारे, मोराबाङ, भुतछहरा गुफा, चौरपानी, गुप्ती दह, काग्रिथाना, थुर्पा लेक, चोलिफिजे, शिव मन्दिर-ताराखोला, जयबाबा मन्दिर, ताराखसे पैयुचौर र बख्खुरलाई **प्रकृतिमा आधारित ग्रामीण पर्यटकीय गन्तव्य**को रुपमा विकास गरिनेछ ।

## च. सहकारी तथा गरिबी निवारण

- गाउँपालिकाभित्र स्थापना हुने निजी फर्म, कृषि समूह र सहकारी संस्थाहरुको दर्ता, कार्य क्षेत्र अनुमति, अनुगमन, नियमन, प्रतिवेदन जस्ता विषयहरुलाई प्रभावकारी ढङ्गले अघि बढाइनेछ ।
- सहकारी संस्थाहरुलाई प्रभावकारी अनुगमन गरी व्यवस्थित गरिनेछ । सहकारीको मूल्य मान्यतामा आधारित भई रोजगारी सिर्जना, पूँजि परिचालन र वित्तीय साक्षरताको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालाई प्रोत्साहन गरिनेछ ।
- **लघु उद्यम विकास कार्यक्रम** मार्फत स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा व्यवसायहरु स्थापना तथा प्रवर्द्धन गरी स्थानीय रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरण गरिनेछ । यसका लागि लक्षित वर्गका नव उद्यमीहरुलाई छोटो तथा लामो अवधिको सीप विकास तालिम सञ्चालन र पुराना उद्यमीहरुको स्तरोन्नती गरिनेछ । **आफ्नो उत्पादन, आफ्नै उपयोग** भन्ने मूल नाराका साथ गाउँपालिका स्तरीय कोशेली घर सञ्चालन गरी उद्यमीहरुका उत्पादनको बजारीकरण गरिनेछ ।

# सामाजिक विकास सम्बन्धी

## क. शिक्षा, विज्ञान तथा प्रविधि

- **"गाउँपालिकाको अबको लक्ष्यः उत्कृष्ट शैक्षिक गन्तव्य"** भन्ने नाराका साथ आधारभूत तथा माध्यमिक शिक्षालाई थप गुणस्तरीय तुल्याउन गाउँपालिकाको सातवटै वडामा **एक वडा एक नमुना विद्यालय** कार्यक्रमलाई निरन्तरता दिइनेछ । बालबालिकाहरुमा नैतिकता, इमान्दारिता, अनुशासन र नेपाली मौलिक संस्कारको विकास गरी सुयोग्य नागरिक विकास गर्न सबै विद्यालयहरुमा संस्कार सहितको शिक्षामा विशेष जोड दिइनेछ ।
- गाउँपालिकाका सामुदायिक आ.वि. मा भएको शिक्षक दरबन्दीको अभावलाई परिपूर्ती गर्न लागि **चिनौँ आफ्नो माटो, बनाऔँ आफ्नै गाउँ** अभियान अन्तर्गत कार्यान्वयनमा ल्याइएको शिक्षण स्वयंसेवक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक क्रियाकलापहरुलाई व्यवस्थित बनाउन तथा विद्यालयमा विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि विद्यालयमा प्रयाप्त मात्रामा अतिरिक्त क्रियाकलापहरु सञ्चालनको सुनिश्चितता कायम गर्न **शैक्षिक क्यालेण्डर**को निर्माण गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

- शैक्षिक उपलब्धी तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा पुरस्कार र दण्ड गर्ने पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयको प्रधानाध्यापकले प्रमुख प्रशासकीय अधिकृतसँग, शिक्षकले सम्बन्धित विद्यालयको प्रधानाध्यापकसँग र विद्यार्थीहरुले पनि सम्बन्धित विषय शिक्षकसँग कार्य सम्पादन करार सम्झौता गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाका जेहेन्दार तथा विपन्न परिवारका छात्रछात्राहरुको प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न **प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति** कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्थानीय स्तरमै विज्ञान विषयको जनशक्ति उत्पादन गर्नको लागि सञ्चालन हुँदै आएको कक्षा ११ र १२ मा विज्ञान विषय पठनपाठन अनुदानलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकास्थित विद्यालयबाट एस.ई.ई. मा सबैभन्दा बढी जी.पी.ए. ल्याउने एक छात्र र एक छात्रालाई उच्च शिक्षा अध्ययनका लागि **छात्रवृत्ति** उपलब्ध गरिनेछ । पालिकास्तरीय आधारभूत तह (कक्षा-८) मा उत्कृष्ट हुने एक/एक जना छात्रा छात्रलाई पुरस्कृत गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा समयानुकुल बनाउन प्रधानाध्यापक तथा विषयगत शिक्षकको क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरु निरन्तरता गरिनेछ । विद्यालयको शैक्षिक गुणस्तर तथा सिकाई उपलब्धी सुधारका लागि गाउँपालिकामा विषय विज्ञ समूह निर्माण गरी परिचालन गरिनेछ । विषयगत शिक्षकहरुको घुम्ती सिकाई बैठक आयोजना गरिनेछ ।
- टोलबस्तीहरुमा आएको जनसांख्यिक परिवर्तनको कारण क्रमिक रुपमा विद्यार्थी संख्या न्यून हुँदै गएका दुई वा दुईभन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन हुन वा माथिल्लो तह स्थगित गर्न चाहेमा त्यस्ता विद्यालयहरुको शैक्षिक तथा भौतिक सुदृढिकरणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । आवधिक रुपमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुका लागि सञ्चालित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित बनाउन विद्यालय हाताभित्र खाजाघर (क्यान्टिन) निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । साथै दिवा खाजामा स्थानीय स्तरमा उत्पादित खाद्य वस्तुको प्रयोगलाई अनिवार्य गरिनेछ ।
- गाउँपालिकाका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा विज्ञान प्रयोगशाला तथा आई.सी.टी. ल्याब स्थापना कार्यक्रमलाई क्रमशः विस्तार गरी शिक्षण सिकाई क्रियाकलापलाई आधुनिक प्रविधिमा आवद्ध गर्दै लगिनेछ । **पढुवा नै अगुवा** भन्ने मूल नाराका साथ विद्यालयहरुमा वाचनालय, ई-लाइब्रेरीको व्यवस्था गरी पढ्ने संस्कृतिको विकासमा जोड गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको सिकाई उपलब्धीलाई सन्तुलनमा राख्न **सचेत अभिभावक हामीः गुणस्तरीय शिक्षामा लगानी** भन्ने नाराका साथ विद्यालय-समुदाय साझेदारी कार्यक्रम सञ्चालनमा ल्याइनेछ । कक्षा ८ र १० का विद्यार्थीहरुको नतिजा सुधारको लागि अभिभावकहरुसँग साझेदारी गरी आवासीय सुधारात्मक कक्षा सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका तथा वडास्तरीय बालक्लब सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । **हाम्रा बालबालिकाः राम्रा बालबालिका** भन्ने मूल नाराका साथ विद्यालयमा रहेका बालक्लबलाई परिचालन गरी बालश्रम, बालबिबाह, बालबिज्याई, मद्यपान, धुमपान तथा लागुपदार्थ दुर्व्यसन नियन्त्रण गर्न र बालबालिकाको विद्यालय छोड्ने दर न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बाल विकास केन्द्र नभएका विद्यालयहरुमा बाल विकास कक्षा क्रमशः थप गरिनुका साथै बालविकास केन्द्रका पूर्वाधारको सुदृढीकरण गरिनेछ । अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयलाई प्रोत्साहन दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ ।

- सबै सामुदायिक आधारभूत र माध्यमिक विद्यालयमा **कमाउँदै पढ्दै कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सूचकहरुमा आधारित झण्डा वितरण वितरण कार्यक्रम र बहुकक्षा बहुस्तर शिक्षणलाई थप प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।
- खुला विद्यालय शिक्षा नीति अवलम्बन गरी १५ वर्ष मुनिका Over Aged बालबालिकाहरु तथा १५ वर्ष माथिका पढ्ने चाहना भएका बालबालिकाहरुलाई आधारभूत तह कक्षा ८ र १० कक्षा परीक्षामा समेल बनाउने व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा अध्ययनरत बालबालिकाहरुको विज्ञान तथा आविष्कार प्रति रुची तथा आकर्षण बढाउन **विज्ञान प्रतिभा पहिचान कार्यक्रम** सञ्चालन गरिनेछ ।
- विद्यार्थीका गतिविधि ट्राक गर्न तथा अभिभावकसँग प्रत्यक्ष सम्बन्ध स्थापनाको लागि स्मार्ट आइडी कार्ड प्रणाली लागु गर्ने प्रक्रिया अगाडि बढाइनेछ । बालबालिका तथा युवाहरुबाट सूचना प्रविधिका उपकरणहरु डिजिटल ड्रगको रुपमा प्रयोग हुन नदिन सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ग. युवा, खेलकुद तथा नवप्रवर्तन

- युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत गराई स्वरोजगार उन्मुख गराइनेछ । युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि **एक वडा एक खेल मैदान** लगायतका खेल पूर्वाधार र शौचालय निर्माण तथा मर्मत सम्भार गरिनेछ । विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।
- खेलकुदलाई स्वास्थ्य र मनोरञ्जनसँग जोड्दै गाउँपालिकामा खेलकुदको विकास र प्रवर्द्धन गर्न **वडा कप तथा त्रिवेणी कप प्रतियोगिता** आयोजना गरिनेछ । खेलाडीहरुलाई बाह्य प्रतियोगितामा सहभागी हुनको लागि समेत आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसनमुक्त गराई समाजमा पुनःस्थापनाको प्रबन्ध मिलाइनेछ ।
- योजना तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दा नवप्रवर्तनलाई प्राथमिकता दिइनेछ ।

## घ. महिला, बालबालिका तथा समाज कल्याण

- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, दलित, आदिबासी जनजाति, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पिडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- लैङ्गिक हिंसा पिडित महिला तथा बालबालिकाहरुलाई तत्काल उद्धार गरी सेफ हाउसमा संरक्षण प्रदान गर्ने व्यवस्था मिलाइनेछ । लैङ्गिक हिंसा निवारण कोषमा बजेट थप गरी अझ सुदृढ गरिनेछ ।
- एकल र विधुवा महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ । एकल र विधुवा तथा अपाङ्गता भएका व्यक्तिहरुको उद्यमशीलता विकासका लागि निजहरुद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ ।

- **"हिंसा मुक्त गाउँपालिका: हाम्रो पहिचान"** अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ । समाजमा विद्यमान विकृति, विसङ्गती र लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण गर्न टोल विकास संस्था, महिला सहकारी संस्था, आमा समूह र महिला समूह, समितिहरुको क्षमता अभिवद्धि गरी सघन परिचालन गरिनेछ ।
- गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । महिला र पुरुष बीचको विभेदीकरणलाई अन्त्य गर्न सम-विकास कार्यक्रम सञ्चालन गरिनेछ । **उम्दा छोरी** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालश्रममुक्त स्थानीय तहका सूचकको दिगोपनाको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ । बालश्रम मुक्त स्थानीय तहका सूचकहरुको प्रभावकारी अनुगमन तथा नियमन गरिनेछ ।
- गाउँपालिकालाई बालबिबाह मुक्त स्थानीय तह घोषणा गर्न नीति तथा रणनीति तर्जुमा गरी अभियानका साथ कार्यक्रमहरु सञ्चालन गरिनेछ । परिपक्व उमेरमा विवाह गर्ने जोडीलाई सम्मानित गरिनेछ । बालमैत्री वडा घोषणाको कार्यलाई बाल विवाह भएका र नभएका घरमा अलग-अलग स्टिकर टाँस गरी वडा तथा गाउँपालिकाबाट प्रदान गरिने अनुदानसँग आवद्ध गरी प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- आर्थिक अभावका कारण पठनपाठनलाई निरन्तरता दिन वा स्वास्थ्योपचारमा समस्या भएका विपन्न, अभिभावक विहिन तथा अपाङ्गता भएका बालबालिकाहरुलाई तत्काल आर्थिक सहायता वा शैक्षिक सहयोग उपलब्ध गराइनेछ ।
- अपाङ्गता, सुस्त मनस्थिति भएका तथा हिंसा पीडित बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्न विशेष विद्यालयहरुसँग समन्वय गरी अध्ययनको व्यवस्था मिलाइनेछ ।
- वडा बाल अधिकार समिति तथा स्थानीय बाल अधिकार समितिको बैठकलाई नियमित गरी निर्दिष्ट उद्देश्य प्राप्तिको लागि क्रियाशीलता प्रदान गरिनेछ । सबै बालक्लबको बैठक तथा स्टेसनरी खर्च व्यवस्थापनको लागि आवश्यक बजेट तथा सामग्री उपलब्ध गराइनेछ ।
- ऐतिहासिक कालदेखि दलित तथा शिल्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न पूँजि लगानी सहयोग गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरु पहिचान गरी परिचय-पत्र वितरण गर्न सातवटै वडामा अपाङ्गता परिचय-वितरण शिविर सञ्चालन गरिनेछ । जटिल अपाङ्गता भएका व्यक्तिहरुको घरमै पुगेर अपाङ्गता परिचय-पत्र दिने व्यवस्था मिलाइनेछ । पहिचान गरिएका अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्रीहरु वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- अन्तर-पुस्ता ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्न, ज्येष्ठ नागरिकहरु बीच अन्तरक्रियाको अवसर सिर्जना गर्न तथा ज्येष्ठ नागरिकको आत्मसम्मान अभिवृद्धि गर्न सञ्चालित ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रलाई आवश्यक बजेट विनियोजन गरी निरन्तरता दिइनेछ । ज्येष्ठ नागरिकहरुले प्राप्त गर्ने विभिन्न **सहुलियत तथा छुट सुविधा पूर्ण रुपमा कार्यान्वयन** हुनको लागि निरन्तर पैरवी गरिनेछ । ज्येष्ठ नागरिकहरुको भ्रमण आयोजना गरिनेछ ।
- महिला सहकारी, महिला समूह, समिति र विद्यालय तथा समुदाय स्थित बालक्लब, वडा तथा गाउँपालिकास्थित बालक्लब सञ्जालहरुको अनुगमन तथा पृष्ठपोषण प्रदान गरी सकारात्मक दिशामा समाज परिवर्तनको संवाहकका रुपमा विकास गरिनेछ । **वडा तथा गाउँपालिका स्तरीय महिला सञ्जाल**लाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

## ङ. स्वास्थ्य तथा पोषण

- **स्वस्थ जनताः सुखी त्रिवेणीबासी** भन्ने मूल मन्त्रका साथ स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा निःशुल्क पाइने भनी नेपाल सरकारबाट घोषणा गरिएका औषधी तथा स्वास्थ्य उपकरणहरु नियमित, सहज र पर्याप्त रुपमा उपलब्ध हुने गरी खरिद, भण्डारण तथा वितरण गरी नियमित गरिनेछ ।
- नेपाल सरकारको सन् २०३० सम्म क्षयरोगलाई शुन्यमा झार्ने दिगो विकास लक्ष्यलाई मध्यनजर गर्दै त्रिवेणी गाउँपालिकामा शंकास्पद बिरामीहरुको समुदायस्तरमा खोज पड्ताल र खकार सङ्कलन तथा परीक्षण कार्यलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ ।
- सार्वजनिक सेवामा विकेन्द्रीकरणको आवधारणालाई आत्मसाथ गर्दै जनताको घरदैलोमै आवधिक रुपमा तथा वडास्तरमा प्रत्येक महिना विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती महिलाहरुका लागि घरदैलोमै आवश्यक परामर्शसहितको स्वास्थ्य सेवा पुर्‍याइने व्यवस्था मिलाइनेछ ।
- नसर्ने रोगको बढ्दो प्रकोप तथा जोखिमलाई कम गर्न **दीर्घ रोगीसँग जनप्रतिनिधि कार्यक्रम** सञ्चालन गरिनेछ । उक्त कार्यक्रमबाट स्वस्थकर जीवनशैली प्रवर्द्धन, भान्सा सुधारका साथै स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यहरु समुदायस्तरमा पुर्‍याइनेछ । ४० वर्ष माथिका नागरिकहरुलाई उच्च रक्तचाप, मधुमेह लगायत नसर्ने रोगको स्क्रिनिङ तथा लागू पदार्थ दुर्व्यसनीलाई नियन्त्रण गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- सीमान्तकृत, गरीब तथा पछाडी परेका जनसमुदायका साथै कडा र दीर्घ रोग लागेका बिरामी तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको निःशुल्क रुपमा स्वास्थ्य बिमा हुने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकामा स्थापना गरिएको विपन्न नागरिक उपचार तथा आर्थिक सहायता कोषका लागि आवश्यक रकमको व्यवस्था गरी विपन्न तथा असहाय गाउँपालिकाबासी नागरिकहरुको उपचार, उद्धार तथा पुनःस्थापनालाई प्रभावकारी बनाइनेछ ।
- सबै स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रदान गरिदै आएको प्रसुती सेवालाई थप प्रभावकारी बनाइनेछ । शुन्य होम डेलिभरी कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । गर्भवती महिलाको जोडीलाई मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ । नियमित रुपमा स्वास्थ्य जाँच गराई स्वास्थ्यकर्मीको निगरानीमा प्रसुती गराउने आमाहरुलाई प्रोत्साहन गरिनेछ ।
- किशोरकिशोरीलाई लक्षित गरी लागु औषध दूर्व्यसन तथा यौनजन्य हिंसा निरुत्साहित गर्ने सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । किशोरकिशोरीमैत्री स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन विद्यालय नर्सिङ कार्यक्रम सञ्चालित कम्तिमा दुई वटा विद्यालयमा किशोरकिशोरीमैत्री सूचना केन्द्रको स्थापना गरिनेछ ।
- बढ्दो आत्महत्याका घटनाहरुलाई न्यूनीकरणका लागि मानसिक स्वास्थ्य समस्या पहिचान एवं रोकथाम गर्न समुदायस्तरमा रहेका विभिन्न मनोसामाजिक समस्याको स्क्रिनिङ कार्यलाई प्राथिमकताका साथ अगाडी बढाइनेछ ।
- सञ्चालनमा रहेका ल्याबहरुमा आवश्यक उपकरणहरुको व्यवस्था गरी सुदृढीकरण गर्नुको साथै क्रमागत रुपमा सबै स्वास्थ्य चौकीहरुमा ल्याब सेवा विस्तार गरिनेछ । स्वास्थ्य संस्थाहरुमा सबै किसिमका परिवार नियोजनका अस्थाई साधनहरुको उपलब्धता सुनिश्चित गरिनेछ ।

- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याउनुको साथै मनोबल बढाउन यातायात सुविधा लगायत अन्य सहायता सामग्री उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सूचना व्यवस्थापनलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन सबै स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ । मोबाइल स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि बजेटको व्यवस्था गरिनेछ ।
- आधुनिक चिकित्सा प्रणालीसँगै आयुर्वेद उपचार पद्धतिलाई प्रभावकारी बनाउदै लगिनेछ । गाउँपालिका क्षेत्रभित्र हुने परम्परागत औषधीजन्य वनस्पति तथा जडिबुटीको संरक्षण, खेती प्रवर्द्धन र प्रशोधनका कार्यहरु सञ्चालन गरिनेछ ।
- विद्यालय नर्सिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालय नर्सहरुको कार्य विवरण अनुसार दैनिक कार्ययोजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन तथा प्रतिवेदनलाई प्रभावकारी बनाइनेछ ।
- बहुक्षेत्रीय पोषण योजनाले पहिचान गरेका पोषणसँग सम्बन्धित क्षेत्रहरु कृषि विकास, पशु सेवा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका, शिक्षा, स्वास्थ्य लगायतका शाखाहरुलाई समन्वयात्मक ढङ्गले परिचालन गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत महिला र बालबालिकाको पोषणका सवाललाई सम्बोधन गर्न पोषण विशेष र पोषण संवेदनशील कार्यक्रम सञ्चालन गरिनेछ । पोषणमैत्री आचरण तथा व्यवहार प्रवर्द्धनको पैरवी गरिनेछ ।
- पाँच वर्षमुनीका कुपोषित बालबालिकाहरुलाई सुपोषित बनाउन तिनका अभिभावकलाई साना व्यवसाय सञ्चालन गर्न सहायता उपलब्ध गराइनेछ । सबै वडामा अभियानका साथ एक घर एक करेसाबारी कार्यक्रम सञ्चालन गरिनेछ ।

**च. खानेपानी तथा सरसफाई**

- **मुहानदेखि मुखसम्म स्वच्छ पानी**को अवधारणा अनुरुप सर्वसाधारणका लागि शुद्ध खानेपानीको सुविधा उपलब्ध गराउन एक घर एक धारा कार्यक्रमलाई उच्च प्राथमिकता दिई अभियानका साथ कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा सञ्चालित सबै खानेपानी आयोजनाको स्वच्छता परीक्षण गरी पानी शुद्धिकरणका विधिहरु कार्यान्वयनमा ल्याइनेछ ।
- खानेपानी समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी गरिनेछ । जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण गरिनेछ ।
- विभिन्न मुहान, खोला तथा भूमिगत स्रोतबाट ठूला खानेपानी योजना सञ्चालनको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ तथा प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।
- जल पुनर्भरण योजना र वर्षातको पानी सङ्कलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ । सडक किनारा र सार्वजनिक स्थानहरुलाई सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ ।
- गाउँपालिकाका मुख्य स्थानहरुमा टोल विकास संस्थाहरुसँगको सहकार्यमा उपयुक्त जग्गाको व्यवस्थापन गरी सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालन गर्ने कार्यलाई अभियानका रुपमा अगाडी बढाइनेछ ।

## भौतिक पूर्वाधार विकास सम्बन्धी

### क. भवन, आवास, बस्ती तथा शहरी विकास

- भू-उपयोग क्षेत्र निर्धारण गरी बस्ति विकास योजनासहित गाउँपालिकाको पूर्वाधार विकास गुरूयोजना तयार गरी बस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
- बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, भवन तथा योजना मापदण्ड, २०५६ लगायतका राष्ट्रिय, प्रादेशिक एवं स्थानीय ऐन, मापदण्ड तथा निर्देशिकालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई सुरक्षित एवं व्यवस्थित भवन संरचना निर्माण गरिनेछ ।
- स्थानीय सरकारको सार्वजनिक सेवा प्रवाह, योजना तथा विकास व्यवस्थापन, नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, सुरक्षा तथा समन्वय व्यवस्थापन लगायतका कार्यहरुलाई प्रभावकारी व्यवस्थापन गर्न त्रिवेणी ५, जुगारमा **प्रशासकीय भवन** निर्माण गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- घर निर्माण गर्नुपूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, सुरक्षा सम्बन्धी मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिने व्यवस्था मिलाइनेछ ।

### ख. सडक, पुल तथा यातायात व्यवस्था

- गाउँपालिकाको गौरवका आयोजनाको रुपमा स्वीकृत भएका सडक कालोपत्रे योजनाहरुलाई निरन्तरता दिइनेछ । रणनीतिक, व्यापारिक तथा पर्यटकीय महत्वका बाहिरी तथा भित्रि चक्रपथ, पहुँच मार्ग सडक, वडास्तरीय सडक तथा कृषि सडकहरु क्रमशः निर्माण, विस्तार, स्तरोन्नति तथा कालोपत्रे गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाबाट सञ्चालन हुने आयोजनाको दिगोपना तथा मर्मत सम्भारको लागि पूर्वाधार विकास तर्फ विनियोजित कुल बजेटको ५% रकमबाट मर्मत सम्भार कोषको स्थापना गरिनेछ । भौतिक पूर्वाधार विकासका आयोजनाहरुमा गुणस्तरहीन कार्य भए, गरेमा सम्बन्धित निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट क्षतिपूर्ती तथा मर्मत लगायतका कार्य गर्ने व्यवस्था मिलाइनेछ ।
- लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूलप्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तयार गरिनेछ ।
- स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तौरतरिका, साधन र विधि अवलम्बन गर्दै लगिनेछ । स्थानीय पूर्वाधार विकास कार्यक्रम (LISP) सँग सह-लगानीमा प्राथमिकता प्राप्त क्षेत्रका पूर्वाधार निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ । पूर्वाधार निर्माणमा खटिने कामदारहरुको सुरक्षाको लागि बिमा तथा सुरक्षा सामग्रीहरुको प्रयोगलाई अनिवार्य गरिनेछ ।पूर्वाधार आयोजनाहरु सञ्चालन गर्दा वातावरणमैत्री तथा जलवायु उत्थानशील ढाँचा तथा प्रविधि प्रयोगमा ल्याइनेछ । सञ्चालनमा रहेका तथा नयाँ निर्माण हुने कच्चि सडकमा अनिवार्य रुपमा नाला, सेफ्टी वाल, ग्याबिन/मेसिनरी वाल, क्याच ड्रेन निर्माण तथा वृक्षारोपण गर्नुपर्ने व्यवस्था लागु गरिनेछ ।
- विकास आयोजनाहरुको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरिनेछ । सार्वजनिक निर्माण कार्यको ठेक्का लिई छोडेर भाग्ने, समयमा कार्यसम्पन्न नगर्ने तथा गुणस्तरहीन कार्य गर्ने निर्माण व्यवसायीलाई कारबाहीको दायरामा ल्याइनेछ ।

- उपभोक्ता समिति मार्फत सञ्चालन हुने भौतिक पूर्वाधार आयोजनाहरुमा गुणस्तर सुनिश्चितता तथा निर्माण कौशल अभिवृद्धि गर्न निर्माण पूर्वको अभिमुखीकरण सञ्चालन गरिनेछ । साथै पूर्वाधार निर्माण सम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्नको लागि आवश्यक सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- पूर्वाधार निर्माणको लागि निर्माण कम्पनी तथा उपभोक्ता समितिसँग सम्झौता गर्दा महिला र पुरुषलाई समान ज्याला उपलब्ध गराउने, शौचालय तथा प्राथमिक स्वास्थ्योपचारको व्यवस्था गर्ने, यौनजन्य हिंसारहित वातावरण सुनिश्चत गर्ने तथा बालश्रमको प्रयोग नगर्ने प्रतिवद्धता गराइनेछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, ज्येष्ठ नागरिक तथा प्रविधिमैत्री ढाँचामा निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । महिला सहकारी संस्था, आमा समूह र समितिहरुको लागि एकिकृत रुपमा प्रयोग हुनेगरी सामुदायिक भवनहरु निर्माण तथा पुराना भवनको मर्मत सम्भार गरिनेछ ।

### ग. विद्युत, उर्जा तथा सिंचाई

- विद्युतीकरण हुन बाँकी रहेका गाउँपालिकाका सबै टोलबस्तीमा विद्युत विस्तार कार्य सम्पन्न गरी **उज्यालो त्रिवेणी** घोषणा गरिनेछ । अनविकरणीय उर्जाका स्रोतहरु माथिको निर्भरतालाई न्यूनीकरण गर्दै **वैकल्पिक उर्जाको विकास र उपयोग**मा वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- सबै वडामा खेतीयोग्य जमिनको विश्लेषण गरी नयाँ साना तथा मझौला सिंचाई योजना सञ्चालन र पुराना योजनाको विस्तार तथा मर्मत सम्भार गर्ने कार्यलाई तिव्रता दिइनेछ ।

### घ. सूचना तथा सञ्चार

- **विकास पत्रकारिता**लाई प्रोत्साहन गरिनेछ । डिजिटल वडापत्र, सामाजिक सञ्जाल र वेवसाइट मार्फत गाउँपालिकाले प्रदान गर्ने सेवाको बारेमा नागरिकलाई सुसूचित गर्न आफ्ना गतिविधिहरु सार्वजनिक गर्ने व्यवस्था मिलाई **सूचनाको हकको प्रभावकारी कार्यान्वयन** गरिनेछ ।
- टेलिफोन तथा इन्टरनेटको पहुँच नपुगेका टोलबस्तीमा टेलिकम टावर निर्माण तथा फाइबर विस्तारको लागि आवश्यक पहल गरिनेछ ।

## वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी

### क. वातावरण तथा फोहोरमैला व्यवस्थापन

- **वातावणमैत्री स्थानीय शासन सञ्चालन**को लागि खुला तथा सार्वजनिक स्थानमा पर्यावरणीय महत्व भएका बिरुवाहरु वृक्षारोपण गरी **हरियाली बढाउनुको साथै गाउँपालिकाको सौन्दर्य अभिवृद्धि** गरिनेछ । वन क्षेत्रमा उच्च महत्वका डाले घाँसको प्रवर्द्धन गरिनेछ ।
- गाउँ तथा बजारबासीहरुलाई घर आँगन सफा सुग्घर र हराभरा राख्न जिम्मेवार बनाउन **हाम्रो आँगनः राम्रो आँगन** कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि **बजारमा फूल र गाउँमा फल** कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका मुख्य बजार क्षेत्रको कुहिने, नकुहिने, सिसाजन्य तथा हानीकारक फोहरमैला व्यवस्थापनका लागि अलग-अलग **ल्यान्ड फिल साइट**को निर्माण गरिनेछ । टोल विकास संस्थाहरुसँग फोहोर सङ्कलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ ।

- बजार क्षेत्रमा ढल निकासको लागि आवश्यक व्यवस्था मिलाइनेछ । सबै टोल विकास संस्थाहरुलाई प्रत्येक शनिबार बजार तथा टोल क्षेत्रमा सरसफाई सञ्चालन गर्न परिचालन गरिनेछ ।
- प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गरिनेछ । भएका प्लाष्टिकजन्य फोहोर व्यवस्थापनको लागि **सुइरो कार्यक्रम** सञ्चालन गरी आयआर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।

### ख. वन, भू-संरक्षण तथा जलाधार व्यवस्थापन

- स्थानीय जनता, सामुदायिक वन उपभोक्ता समितिको सहभागितामा **एक सामुदायिक वनः एक जडिबुटी उत्पादन** कार्यक्रम सञ्चालन गरिनेछ ।
- भू-संरक्षण, जलाधार संरक्षण, अग्लो स्थानमा रहेका वन क्षेत्रमा रिचार्ज पोखरी निर्माण कार्यक्रमलाई अभियानका साथ सञ्चालन गरिनेछ ।

### ग. विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

- सामुदायिक **वन उपभोक्ता समिति तथा महासंघको सहकार्य**मा वन उपभोक्ता समितिहरुलाई परिचालन गरी वन क्षेत्रलाई सम्भावित डढेलोबाट जोगाउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- **मनसुनजन्य बाढी तथा पहिरो रोकथाम तथा नियन्त्रण** गर्न पूर्व तयारी तथा प्रतिकार्यको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद्को प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरी गाउँपालिकाको **विपद् व्यवस्थापन कोष**लाई सुदृढ गरिनेछ ।

## सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी

### क. नीति, कानून, न्याय तथा सुशासन

- निर्माण गर्न बाँकी रहेका ऐन, कानून र कार्यविधिहरुको शिघ्रताका साथ निर्माण गर्दै अद्यावधिक गर्नुपर्ने कानूनहरुलाई **समय सापेक्ष संशोधन** गर्दै लगिनेछ ।
- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवाद तथा उजुरीहरुलाई छिटो, छरितो, पारदर्शी र विश्वासनीय ढङ्गले समाधान गर्न आवश्यक जनशक्ति तथा पूर्वाधारको प्रबन्ध मिलाइनेछ ।
- गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण लगायतमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा **शुन्य सहनशीलताको नीति** अख्तियार गरिनेछ ।
- आधारभूत वस्तु, खाद्यान्न तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गरिनेछ र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय र मातहतका अन्य कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहमा ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा महिलालाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाको सेवा प्रवाहको पृष्ठपोषण प्राप्त गर्न मासिक तथा चौमासिक रुपमा **नागरिक सन्तुष्टी सर्वेक्षण** गरिनेछ । साथै त्यसको प्रतिवेदन तथा सुझावहरुको सम्बन्धमा छलफल गरी सुधारात्मक कार्यहरु सञ्चालनमा ल्याइनेछ ।
- वित्तीय तथा आर्थिक अनुशासन कायम गरी आर्थिक कारोबारलाई मितव्ययी र कानून सम्मत बनाई **बेरुजु न्यूनीकरण** गर्दै लगिनेछ ।

## ख. सङ्गठनात्मक विकास, मानव संशाधन र सेवा प्रवाह

- गाउँपालिकाको **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण** प्रतिवेदनका आधारमा सन्तुलित, चुस्तदुरुस्त कार्यालय संगठन संरचना तथा सोही बमोजिम दरबन्दी कायम गरिनेछ । रिक्त रहेका पदहरुमा प्रदेश लोक सेवा आयोगबाट कर्मचारीहरु पदपूर्ती गर्दै लगिनेछ ।
- कार्य सम्पादनलाई छिटोछरितो, गुणस्तरीय र प्रभावकारी बनाउन प्रत्येक शाखा, इकाई तथा कार्यरत जनशक्तिको **कार्य विवरण** लागू गर्ने तथा कार्य सम्पादन सम्झौता गरिनेछ ।
- कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम ल्याइने, कार्यशैलीलाई परिणाममुखी बनाइने र कर्मचारीहरुलाई सेवा प्रवाहप्रति जिम्मेवार, जवाफदेही र गतिशील बनाइनेछ ।
- सेवा प्रवाह, विकास निर्माण, नीति निर्माण तथा नवप्रवर्तन लगायतका विषयहरुमा सफल अनुभवहरु आदानप्रदान गर्दै सहकार्य गर्न **अन्तर स्थानीय तह अवलोकन भ्रमण** आयोजना गरिनेछ ।
- सेवा करार कर्मचारी, राहत तथा करार शिक्षक, विद्यालय कर्मचारी लगायतलाई योगदानमा आधारित **सामाजिक सुरक्षा कोष**मा आवद्ध गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

## ग. राजश्व सङ्कलन, श्रोत परिचालन तथा नियन्त्रण

- आन्तरिक राजश्व वृद्धि गर्न करका दर न्यूनतम गरी करको दायरा विस्तार गरिनेछ । प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ ।
- गाउँपालिकाको आन्तरिक आयलाई बढाउनको लागि कर सङ्कलनमा सकारात्मक वातावरण निर्माण गर्न सातवटै वडामा **करदाता शिक्षा कार्यक्रम** सञ्चालन गरिनेछ ।
- वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र बहालमा रहनेहरुको अभिलेख अद्यावधिक राख्ने प्रणाली विकास गरिनेछ । घर जग्गा बहाल कर असुली प्रकृयालाई प्रभावकारी तुल्याउन टोल विकास संस्थासँग सहकार्य गरिनेछ ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ । घुमन्ते तथा पोके व्यवसायहरुलाई कडाई गरी राजश्वको दायरामा ल्याइनेछ ।
- उपलब्ध प्राकृतिक स्रोत तथा जनसांख्यिक लाभलाई उत्पादनमूलक क्षेत्रमा सदुपयोग गरिनेछ । आर्थिक उपलब्धी र विकासका प्रतिफलहरुको **समन्यायीक रुपमा वितरण** गरिनेछ ।
- सामुहिक खेती, सहकारी खेती, करार खेती तथा व्यावसायिक खेती गर्न भूमि, पूँजी र प्रविधिको संयोजन गरी एकै प्रकारको बाली एकैसाथ उत्पादन गर्न उत्प्रेरित गरिनेछ ।
- सम्बन्धित निकायहरुसँग समन्वय गरी गाउँपालिका स्थित खानीहरुबाट हुनसक्ने जथाभावी चुनढुङ्गा उत्खनन् तथा निकासीलाई व्यवस्थित गरिनेछ । साथै गाउँपालिकामै चुनढुङ्गामा आधारित उद्योग स्थापना तथा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

## घ. तथ्याङ्क प्रणाली तथा योजना व्यवस्थापन

- गाउँपालिकाभित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी **विद्युतीय स्थानीय तह पार्श्वचित्र** (Digital Local Goverment Profile) तयार गरिनेछ ।
- सरकारी खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गरी उच्च प्रतिफलयुक्त योजना तथा कार्यक्रममा लगानी केन्द्रित गरिनेछ । चालु खर्चमा वाञ्छित सीमा राख्दै सार्वजनिक क्षेत्रमा लगानी केन्द्रित गरी परिणाममुखी कार्यान्वयन गरिनेछ ।

- आयोजनाहरु सञ्चालन गर्दा सम्भव भएसम्म लाभग्राही समुदायबाट लागत सहभागिता हुने व्यवस्था मिलाइनेछ । सो व्यवस्था कार्यान्वयनको लागि **साझेदारी कोषको स्थापना** गरिनेछ ।
- विकास निर्माणसँग सम्बन्धित कामहरुमा स्थानीय जनशक्ति तथा उपलब्ध स्रोतसाधनको प्रयोगमा उच्च प्राथमिकता दिइनेछ ।
- विकास व्यवस्थापन, सामाजिक परिचालन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका लागि टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

**ङ. शान्ति सु-व्यवस्था तथा मानव अधिकार**

- जुगार प्रहरी चौकीलाई स्तरोन्नती गर्न तथा प्रहरी चौकी नभएका वडामा चौकी स्थापना गर्न आवश्यक पहल गरिनेछ । प्रहरी चौकीहरुसँग समन्वय गरी स्थानीय मदिराको उत्पादन, बिक्रि वितरण नियमन र जुवातास खेल्न निषेध गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको शान्ति सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन गाउँपालिकाका बजार र सुरक्षा संवेदनशील क्षेत्रहरुमा **सडक बत्ती र सि.सि. क्यामरा** जडान गरिनेछ ।
- साइबर अपराध, सामाजिक सञ्जालको दुरुपयोग, लैङ्गिक हिंसा लगायत समाजमा घट्ने अपराध नियन्त्रणको लागि प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरिनेछ ।

**च. सहयोग, सहकार्य तथा समन्वय**

- संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धलाई मजबुत र जीवन्त बनाउन प्रभावकारी सहयोग, समन्वय तथा साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकालाई राष्ट्रिय र तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउने र यहाँको विकासमा महत्वपूर्ण योगदान दिने विशिष्ट व्यक्तित्व, पूर्व तथा निवर्तमान जनप्रतिनिधिहरु लगायतलाई सम्मान गरिनेछ । साथै प्राप्त रचनात्मक सुझावहरुलाई आन्तरिकीकरण गर्दै लगिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

अन्त्यमा, यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमाको क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिने राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, संस्थापक जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संघसंस्था, बौद्धिक वर्ग, उद्योगी, व्यवसायी, सामुदायिक तथा सहकारी क्षेत्र, टोल विकास संस्था, सञ्चारकर्मी लगायतका सरोकारवाला निकायहरु तथा सम्पूर्ण त्रिवेणी गाउँपालिकाबासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत नीति तथा कार्यक्रमको अधिकतम् प्रतिफलसहित पूर्ण कार्यान्वयनमा रचनात्मक सहयोगको लागि हार्दिक अपिल गर्दछु ।

**कर्णबहादुर बाँठा मगर, अध्यक्ष**

**मितिः २०८२/०३/१० गते, मङ्गलबार ।**